**मिति २०७८ माघ ३ गते (वि.सं. २०७८।१०।३) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२४औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको राजश्व सुधार कार्ययोजना २०७८/०७९-२०८१/०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाका बहुउद्देश्यीय योजनाहरुका सम्बन्धमा सोको आवश्यक्ता,शान्दर्भिकता र आर्थिक अवस्था समेतको बिश्लेषण,अध्ययन गरी यर्थाथ प्रतिवेदन पेश गर्न सुशासन,आर्थिक,लेखा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णण नं. ३**

तुलसीपुर उपमहानगरपालिका आपतकालिन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यबिधि,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

ईलाका प्रहरी कार्यालय तुलसीपुरले बैठक कक्ष निर्माण , तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ को अशोक बुटा देखि सुदन बुढाथोकीको घर सम्मको नाला निर्माण र तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाले पाईप तथा फिटिङ्ग सामानहरु खरिदका लागि आवश्यक रकम माग गरेकोले सोको सम्बन्धमा आवश्यक आर्थिक पक्षको बिश्लेषण गरी प्रतिवेदन पेश गर्न योजना तर्जुमा समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ को कृष्ण मन्दिर व्यवस्थापन समितिको च.नं.५७ मिति २०७८।९।२६ को पत्रबाट लुम्बिनी प्रदेश त्यक्वान्दो संघको कबर्डहल निर्माणका लागि उक्त मन्दिरले संरक्षण गर्दै आएको धार्मिक बन क्षेत्र भित्रको जग्गा माग भएकोले लुम्बिनी प्रदेश त्यक्वान्दो संघको कबर्डहल निर्माणका लागि मन्दिरको धार्मिक बन क्षेत्र भित्र कवर्डहल निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ को च.नं. ७९० मिति २०७८।७।२ को सिफारिस पत्र तथा स्वास्थ्य महाशाखाको मिति २०७८।९।५ को टिप्पणीबाट वडा नं. ४ को सामुदायीक स्वास्थ्य ईकाईमा कार्यरत अहेव दिपा वली,अनमी तुलसा केसी र कार्यालय सहयोगी यका बिश्वकर्मा लाई वडामा रकम अभावका कारण २०७८।४।१ देखि पारिश्रमिक उपलब्ध गराउन नसकेको भनि रकम माग भएकोले सो



मोहन पौडेल
प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

सम्बन्धका आर्थिक तथा प्रशासनिक पक्षको बिश्लेषण गरी पारिश्रमिक उपलब्ध गराउन सकिने वा नसककिने यथार्थ प्रतिवेदन पेश गर्न सुशासन समितिलाई जिम्मेवारी प्रदान गर्ने  निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका बारुणयन्त्रमा कार्यरत संजय थापाको पत्नी बर्ष ४२ कि भुमा थापाको मृगौला माथि मासु पलाएकोले अप्रेशन गर्नु पर्ने भएको तथा निजको आर्थिक अवस्था कमजोर भएकोले ५ नं. वडा कार्यालयको च.नं. ५७८० मिति २०७८।३।२३ को पत्र तथा स्वास्थ्य महाशाखाको रु ४००००। (चालिस हजार) आर्थिक सहयोगको सिफारिस भएकोले निजको उपचारका लागि रु २५०००।(पच्चीस हजार मात्र) चालु आ.ब.को आर्थिक सहयोग शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १४ को च.न. ३३ मिति २०७८।४।५ गतेको पत्र तथा धिताल समाजको निवेदन र भूमि व्यवस्था शाखाको मिति २०७८।९।५ गतेको सिफारि बमोजिम धिताल समाजको परम्परागत धार्मिक कुलपुजाको मन्दिर निर्माण गर्न वडा नं. १४ को पन्दनपुरमा रहेको नक्सा नं. २ ख किनं. २३ को ज.बि. १-७-० क्षेत्रफल मध्य जग्गाको क्षेत्रफल स्वयं वडा नं. १४ ले निर्धारण गरी आवश्यक जग्गा उपलब्ध गराउने गरी उक्त जग्गाको संरक्षण,संवर्द्धन धिताल समाजले गर्ने गरी जग्गा उपलंब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को लिजाको स्वमुल्याङ्कनको अंक ७९( उनासी)  प्राप्त भएकोले समिक्षा सहित अंक अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय १०**

तुलसीपुर उपमहानगरपालिका उपभोक्ता हित शाखाबाट बजार ब्यवस्थानका लागि रु ५०००००।( पांचलाख मात्र) रकम माग भएकोले चालु आ.ब.को अन्य शाखा महाशाखामा बिनियोजित बजेट बाट रकमान्तर तथा शिर्षकान्तर गरी उक्त शाखाको बजार ब्यवस्थापन कार्यका लागि उक्त रकम उपलब्ध गराउने  निर्णय गरियो ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे

**मिति २०७८ माघ ३ गते (वि.सं. २०७८।१०।३) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२४औं बैठकका निर्णयहरु :**

**निर्णय नं ११**

तुलसीपुर उपमहानगरपालिकाको नगरशिक्षा गुरुयोजना स्वीकृत गर्दै एकिकृत स्थानीय पाठयक्रमको मस्यौदा तयार गर्न शिक्षा महाशाखालाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

तुलसीपुर उपमहानगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सञ्चालन तथा ब्यवस्थापन निर्देशिका,२०७६को पहिलो संशोधन गर्ने निर्णय गरियो । साथै वडाको जिम्मेवारीमा रहेका एम्बुलेन्स चालकहरुको निर्देशिकामा भएको ब्यवस्था बमोजिम वडाकै श्रोतबाट पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १३**

तुलसीपुरमा सम्पन्न स्व. खुमबहादुर खडका स्मृती कप राष्टिय टेबुलटेनिस प्रतियोगिताका लागि युथस अफ तुलसीपुरबाट रु १०००००।(एकलाख मात्र) आर्थिक सहयोग माग भएको र सो सम्बन्धमा खेलकुद समितिले समेत सिफारि गरेकोले चालु आ.ब.को आन्तरिक श्रोतबाट रु १०००००।(एकलाख) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १४**

श्री योगि आदित्यनाथ फाउण्डेशनको च.नं. १९ मिति २०७८।६।५ को पत्रबाट सडकमा छरिएर रहेका गाईबस्तुहरुको संरक्षणका लागि रु ५०००००।(पांचलाख मात्र) आर्थिक सहयोग माग भएकोले गाईबस्तु संरक्षणका लागि चालु आ.ब.को बजेटबाट भुक्तानी हुने गरी आन्तरीक श्रोतबाट रु ५०००००।(पांचलाख मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १५**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र कुनै कुनै स्थानमा नक्सामा रहेको बाटो र जमिनमा रहेको हालको बाटोको स्थान नमिल्दा घरनक्सापास लगाउतका अन्य काममा समेत समस्या आएकोले जग्गा नापजांच ऐन २०२१ बमोजिम जग्गा नापजाच गर्दा नक्सामा रहेको बाटो अनुसार जग्गाको रेखाङ्कन गरी घरनक्सापास गर्ने तर घर अभिलेखिकरण प्रमाणपत्र उपलब्ध गराउदा चलनचल्तीको बाटोलाई आधारमानि अभिलेखिकरण प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ माघ ३ गते (वि.सं. २०७८।१०।३) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२४औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालीका नगरकार्यपालीकाको कार्यालय कृषि विकास शाखाको आ.व. ०७८/०७९ को संघीय सरकारको शर्शत अनुदानको साना कृषि व्यवसाय उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अनुसार मिति २०७८/५/१६ गतेको प्रकाशित सूचना बमोजिम पेश हुन आएका आवेदनहरु मध्येवाट पकेट विकास कार्यक्रम(मौरी) संचालनका लागि तपसिल बमोजिमका आवेदकहरु मध्ये मापदण्डहरुका आधारमा श्री अमृत मौरी कृषि फर्म तुलसीपुर १८ लाई छनौट गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.स | समूह /सहकारी/फर्मको नाम | ठेगाना | वाली | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | श्री बिना मौरी कृषि फर्म | तु.उ.म.न.पा. १५ | मौरी | ९८५७८२१४५७ |
| २. | श्री अमृत मौरी कृषि फर्म | „ „ १८ | मौरी | ९८४७९४७१७१ |
| ३. | श्री स्मार्ट शिवसक्ति मौरी फर्म | „ „ १७ | मौरी | ९८४७९४९०२६ |

**निर्णय नं .१७**

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. ०७८/०७९ को संघीय सरकारको शर्शत अनुदानको धान उत्पादन प्रवर्दन कार्यक्रम( वाली विकास) र मकैं प्रवर्द्धन कार्यक्रम अनुसार कार्यविधि अनुसार धानको ५ वटा ब्लक र मकैं वालीमा २ वटा ब्लक बनाई संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं .१८**

प्रस्ताव नं ५ मा छलफल गर्दा आ.व २०७८/७९ को संघीय सर्शत अनुदानका कृषि पूर्वाधार कार्यक्रमको डिप वोरीङ्ग निर्माण एवं सञ्चालन कार्यक्रम वार्ड नं १२ को कार्यालयवाट माग भए अनुसारको क्षेत्रमा वडा कार्यालयको समन्वयमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ को साझा बजारमा रहेका केहि सटरहरु भाडामा नलागेकोले मिति २०७५।२।२५ गते बसेको ३२ औं कार्यपालिकाको नि.नं.४ बाट उक्त साझाबजारका सटरहरु आवश्यक प्रकृया पुरा गरी भाडामा लगाउन ५ नं. वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय भए बमोजिम आर्थिक बिकास समिति र ५ नं. वडा कार्यालयको संयुक्त प्रयासमा उक्त सटरहरु भाडामा लगाउने निर्णय गरियो ।

(मिति २०७८।१०।३ का.पा. १२४ औं का.पा. बैठक निर्णयहरु)

पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

**मिति २०७८ माघ ३ गते (वि.सं. २०७८।१०।३) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२४औं बैठकका निर्णयहरु :**

**निर्णय नं. २०**

आ.व. २०७६।०७७ देखि लागू भएको बसपार्क स्थित टर्मिनल भवन र ५२ सटरको ठेक्का व्यवस्थापन धनगढी ४ कैलाली स्थित बुढाथोकी ट्रेड एण्ड सप्लायर्सले व्यवस्थापन गर्दै आएकोमा आ.व. २०७७।०७८ को ठेक्का नवीकरण गर्न पटक पटक ताकेता गर्दा पनि नआएको हुँदा विश्वव्यापी महामारी कोभिड १९ को परिदृष्यलाई मध्यनजर गर्दै व्यवसायीलाई परेको मर्कामा नगरपालिकाले कसरी अविभावकत्व निर्वाह गर्न सक्छ र ठेक्का नवीकरण नगरिदा नगरपालिकालाई पुगेको क्षति सरकारी ऐन नियम र कार्यविधिका आधारमा कसरी पूर्ति गर्न सकिन्छ , निजले बीचको समयमा कति सटरको भाडा असुल उपर गरेका छन,पानी बत्तिको के कति महशुल तिर्नबुझाउन छ , निजलाई के कति मनासिव माफिकको छुट दिन मिलने नमिल्ने केहो सोको दोहोरो बिश्लेषण गरी सो विषयमा आर्थिक विकास समितिका सुशासन समितका संयोजक श्री सूर्यबहादुर डागी,आर्थिक बिकास समितिका संयोजक श्री माधव वली, लेखा समितिका संयोजक श्री राजु आचार्य ,५ नम्बर वडाका वडा अध्यक्ष श्री विरेन्द्र कुमार शाह, र ३ नं वडाका वडा अध्यक्ष श्री विर बहादुर वि क ले ७ दिन भित्र संयुक्त प्रतिवेदन पेश गर्नका लागि जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

यस तुलसीपुर उपहानगरपालिकाको आर्थिक बर्ष २०७९/८० का लागि बस्तीस्तरबाट योजना छनौट (7 Step process) प्रकृया गतिबिगतकै यस उपमहानगरपालिकाका समितिहरुबाट संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

**यस उप-महानगरपालिका अन्तरगत सामुदियक विद्यालयहरुको अन्तिम लेखापरिक्षण गर्न उपमहा नगरपालिकाबाट तोकिएका रजिष्टर्ड लेखापरिक्षकहरुलाइ लेखापरिक्षण गरेवापत निम्नानुसारको सेवा शुल्क सम्बन्धित विद्यालयबाट भुक्तानी हुने गरी निर्धारण गर्ने**

१। **रु.१०,००,०००।९दसलाख०सम्मको बार्षिक कारोवारमा सेवा शुल्क बापत रु.५०००।००९पाँचहजा मात्र० र सोमा लाग्ने मू.अ.क.समेत ।**

२। **रु.५०,००,०००।००९पचास लाख मात्र०सम्मको बार्षिक कारोवारमा सेवा शुल्क बापत ०.४०९चालिस पैसा प्रति सय मात्र० अर्थात ०.४० प्रतिशत र सोमा लाग्ने मू.अ.क.समेत ।**

३। **रु.१,००,००,०००।००९एक करोड० सम्मको बार्षिक कारोवारमा सेवा शुल्क बापत ०.३५९पैतिस पैसा प्रति सय मात्र० अर्थात ०.३५ प्रतिशत र सोमा लाग्ने मू.अ.क.समेत ।**

(मिति २०७८।१०।३ का.पा. १२४ औं का.पा. बैठक निर्णयहरु)

पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ

मिति २०७८ माघ ३ गते (वि.सं. २०७८।१०।३) सोमबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२४औं बैठकका निर्णयहरु :

४। रु.१,५०,००,०००।००९एक करोडपचास लाख०सम्मको बार्षिक कारोवारमा सेवा शुल्क बापत ०.३०९तिस पैसा प्रति सय मात्र० अर्थात ०.३० प्रतिशत र सोमा लाग्ने मू.अ.क.समेत ।

५। रु.१,५०,००,०००।०० भन्दा माथि रु.२,००,००,०००।००९ दुइ करोड०सम्मको बार्षिक कारोवारमा सेवा शुल्क बापत रु.५०,०००.९पचास हजार मात्र० र सोमा लाग्ने मू.अ.क.समेत सो भन्दा माथिको कारोवार अंकमा ०.२०९विस पैसा प्रति सय मात्र० अर्थात ०.२० प्रतिशत र सोमा लाग्ने मू.अ.क.समेत ।

निर्णय नं २३

गत आर्थिक बर्षमा उपभोक्ता समिति र ठेक्का पट्टा सम्झौता भै निर्माण कार्य सम्पन हुन नसकेकी यस आर्थिक बर्षमा दायित्व सरी आएका र हाल कार्य सम्पन्न भै भुक्तानी माग भएका आयोजनाहरुको भुक्तानी गर्न बर्तमानमा कोभिड १९ को कारण राजश्व परिचालन न्यून हुन गै देखिएको समस्या निराकरण गर्न तत्काल पालिकाका नाममा रहेका विविध खर्च खाता र नगर विकास कोष ऋण खातामा रहेको रकम आन्तरिक श्रोत तर्फ ट्रान्सफर निकासा आम्दानी जनाइ भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

यस तुलसीपुर उपमहानगरपालिकामा अधिकृतस्तर सातौ तहमा कार्यरत श्री काजु शर्मा प्यारालाईसिस भई ललितपुर स्थित मेडिसिट अस्पतालमा उपचार गरीरहनु भएको र निजलाई आर्थिक समस्या भई उपचारमा कठिनाई भएको भनि निजकी श्रीमती रिता शर्मा बाट आर्थिक सहयोग माग भएकोले श्री काजु शर्माको उपचारको लागि रु ५००००।(पचास हजार मात्र) चालु आ.ब.को आर्थिक सहयोग शिर्षक बाट उपलब्ध गराउने साथै वडा नं. १५ का रोमहर्ष चौधरीको क्यान्सरका कारण निधन भएकोले निजको आर्थिक अवस्था कमजोर भएकोले किरिया खर्च वापत रु २५०००।(पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय २५

तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ का वडा अध्यक्ष श्री घनश्याम ढकालकी ममतामयी आमा मनिसरा ढकालको मिति २०७८।९।२८ गते ७६ बर्षको उमेरमा भएको असमायीक दुखद निधन प्रति हार्दिक श्राद्धान्जली ब्यक्त गर्दै दिबंगत आत्माको चीर शान्तिको कामनाका साथै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख